आज मिति २०८२ मंसिर १५ गते सोमबारका दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभाग र औषधी व्यवसायीका संगठनहरु बिच भएको छलफल बैठकमा देहाय बमोजिमको उपस्थितिमा देहायबमोजिमका बिषयमा सहमति भयो ।

उपस्थितिः

१. श्री नारायण प्रसाद ढकाल, महानिर्देशक, औषधी व्यवस्था विभाग

२. डा. भीम प्रसाद सापकोटा, महाशाखा प्रमुख, स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

३. श्री गोपी कृष्ण रेग्मी, उप-सचिव (कानून), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४. डा. गुण निधि शर्मा, वरिष्ठ स्वास्थ्य प्रशासक, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

५. श्री राम चन्द्र शर्मा, उपाध्यक्ष, नेपाल औषधी व्यवसायी संघ

६. श्री ध्रुव नारायण श्रेष्ठ, अध्यक्ष, नेपाल औषधी व्यवसायी संघ, बागमती प्रदेश

७. श्री लेखनाथ भुसाल, महासचिव, नेपाल आयुर्वेद औषधी व्यवसायी संघ केन्द्रीय समिति

८. श्री सन्तोष ढुङ्गेल, अध्यक्ष, नेपाल आयुर्वेद औषधी व्यवसायी संघ केन्द्रिय समिति, बागमती प्रदेश

९. श्री सन्दिप खनाल, कोषाध्यक्ष, नेपाल औषधी आयातकर्ता संघ

१०. श्री पप्पु कुमार झा, महासचिव, ने.औ.ब्य. संघ (नेपाल औषधी व्यवसायी संघ), मधेश प्रदेश

११. श्री रितेश रिमाल, अध्यक्ष, नेपाल पशु पंक्षी औषधी संघ, केन्द्रिय

१२. श्री राम प्रसाद खरेल, बरिष्ठ उपाध्यक्ष, नेपाल औषधी व्यवसायी संघ

१३. श्री पारस मणि बराल, ने.औ.ब्य. संघ, के.का.स. (केन्द्रीय कार्य समिति)

१४. श्री श्रीधर खनाल, ने.औ.ब्य. संघ, के. महासचिव

१५. श्री प्रकाश खण्डेलवाल, ने.औ.ब्य. संघ, केन्द्रीय अध्यक्ष

१६. श्री शुभ मान श्रेष्ठ, ने.औ.ब्य. संघ, महासचिव, काठमाडौं

सहमतीको बुँदाहरु

मिति २०८२/०८/०२ गतेका दिन नेपाल औषधी व्यवसायी संघको नेतृत्वमा बनेको राष्ट्रिय औषधी व्यवसाय संरक्षण समितिले पेश गरेको माग हरुका सम्बन्धमा,

१. व्यवसायीका संगठनहरूले औषधि ऐन, २०३५ को दफा ११ को उपदफा (३) लाई संशोधन र उपदफा (५) लाई खारेज गर्ने माग पेश गर्नुभएकोले, सो सम्बन्धमा औषधि ऐन, २०३५ को दफा ११ का उपदफाहरूमा प्रचलित कानून बमोजिम संशोधन गर्नका लागि आवश्यक प्रक्रिया ३० दिन भित्र सहजीकरण गर्ने।

२. मिति २०८२/०८/०२ मा औषधि व्यवसायीका संगठनहरूले पेश गर्नुभएका विषयहरूमध्ये कानूनसँग सम्बन्धित बाहेकका विषयहरू (प्रशासनिक निर्णयहरू मार्फत समाधान हुने विषयहरू जस्तैः पुनः दर्ता लगायतका विषय) औषधि व्यवस्था विभाग मार्फत सहजीकरण गर्ने।

३. औषधी व्यवसायी संघको नेतृत्वमा बनेको राष्ट्रिय औषधी व्यवसाय संरक्षण समितिले आजका मिति देखि आन्दोलनका कार्यक्रमहरु फिर्ता गर्ने।

नेपाल औषधि व्यवसायी संघ
केन्द्रीय कार्यालय काठमाडौं
२०३०

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं